# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, चैत १९ गते २०४१ साल (संख्या ५०

## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४१।११।१७ को निर्णयानुसार भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३३ (ग) को प्रयोजनको निम्ति उक्त ऐनको दफा ५७ ले दिएको अधिकार प्रयोग गरी नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर तथा उदयपुर, सिन्धुली, मकवानपुर र सुर्खेत जिल्लाका भूमिसुधार अधिकारीलाई स्थानीय समितिबाट निर्धारित मुख्य वार्षिक उब्जनी बालीको औसतको आधारमा कुत तोकी दिन अधिकार सुम्पिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

नारायणविक्रम शाह

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा सँस्कृति मन्त्रालयअन्तर्गत पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रका प्रमुखलाई सोही नियमावलीको अनुसूची १ (क) मा समावेश गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,

मंगलकृष्ण श्रेष्ठ

श्री ५ को सरकारको सचिव

625

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।